**किरात याक्थुङ चुम्लुङको विधान २०४६**
**(पाँचौं संशोधन सहित मिलाइएको)**

**प्रकाशकः**

**किरात याक्थुङ चुम्लुङ**

**केन्द्रीय कार्यालय**

ललितपुर चुम्लुङहिम

तिखेदेवल, ललितपुर

पोष्ट बक्स नं. ४५४८, काठमाडौं

फोन नं. ५-५२०३४९

इमेलः chumlung@wlink.com.np

Web. www.chumlung.org.np

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

प्रकाशन : मिति २०६३

: संख्या २००० प्रति

कम्प्युटर : चुम्लुङ डेस्क

मुद्रकः शिखरसमुद्र अफसेट प्रेस, बागबजार

# किरात याक्थुङ चुम्लुङको विधान २०४६

## (पाँचौं संशोधन सहित मिलाइएको)

**प्रस्तावना :**

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधर्मी देश नेपालको प्राचीन किरात वंश मध्येको एकलिम्बू जातिको भाषा, लिपि, साहित्य, धर्म, संस्कृति तथा इतिहासको क्षेत्रमा खोजपूर्ण अध्ययन, जातिको उत्थान, साँस्कृतिक पुनर्जागरण, सामाजिक, आर्थिक विकास, लैंगिक समानता तथा यससँग सम्बन्धित अन्य क्रियाकलापहरू सञ्चालन गर्न, वातावरण, स्वास्थ्य, शिक्षा, पर्यावरण, विकास निर्माण क्षेत्रमा कार्य गर्न र देशका अन्य जाति तथा सम्प्रदायसँग सुसम्बन्ध र सद्भावना अभिवृद्धि गर्दै आदिवासी/जनजाति अधिकार र मानव अधिकारको घोषणा पत्रलाई अंगिकार गरी राष्ट्रिय एकता तथा राष्ट्रिय संस्कृतिको निर्माणमा योगदान पुऱ्याउन भाषिक, सामाजिक-आर्थिक, सांस्कृतिक तथा राजनैतिक हक अधिकार प्राप्त गर्नका लागि एक गैरराजनैतिक तथा गैरव्यवसायिक आदिवासी संस्थाको स्थापना गर्ने उद्धेश्यले यस किरात याक्थुङ चुम्लुङको विधान २०४६ (पाँचौं संशोधन सहित मिलाइएको) लागू गरिएको छ ।

### परिच्छेद १

**१) नाम र प्रारम्भः**

क) यो संस्थाको नाम "किरात याक्थुङ चुम्लुङ", अंग्रेजीमा "KIRAT YAKTHUNG CHUMLUNG" र किरात शिरिजंगा लिपिमा "ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱ" भनिनेछ । संक्षेपमा नेपालीमा "कियाचु", अंग्रेजीमा KYC र लिम्बूमा "ᤁᤡᤕᤠᤆᤢ" भनिनेछ ।

ख) राष्ट्रिय महाधिवेशनबाट पारित भएपछि यो विधान तुरुन्त लागू हुनेछ ।

**२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:

क) "विधान" भन्नाले "किरात याक्थुङ चुम्लुङको विधान २०४६ (पाँचौं संशोधन सहित मिलाइएको )" लाई सम्झनु पर्छ ।

ख) "संस्था" भन्नाले किरात याक्थुङ चुम्लुङ सम्झनु पर्छ ।

ग) "नियम" भन्नाले विधान अन्तर्गत केन्द्रीय कार्य समितिले बनाएको नियम सम्झनु पर्छ । विनियम भन्नाले विधानको दफा ६० (ख) बमोजिम जिल्ला कार्य समितिले बनाएको विनियम सम्झनु पर्छ ।

घ) "कार्य समिति" भन्नाले राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित संस्थाको केन्द्रीय

कार्य समिति सम्झनु पर्छ र यो शब्दले संस्थाका जिल्ला, नगर र गाउँ कार्य समितिलाई पनि जनाउने छ ।

ङ) “सदस्य” भन्नाले विधान अन्तर्गत सदस्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

च) “शाखा चुम्लुङ” भन्नाले विधान अन्तर्गत गठित जिल्ला, नगर/गाउँ स्तरका संस्थाका शाखाहरूलाई सम्झनु पर्छ ।

छ) “राष्ट्रिय महाधिवेशन” भन्नाले विधानको दफा १३ वमोजिम आयोजित भेला र यो शब्दले दफा १५ अन्तर्गत आयोजित विशेष भेला समेत सम्झनु पर्छ ।

ज) “अधिवेशन” भन्नाले विधानको दफा ३२ र ४४ बमोजिम जिल्ला, नगर, गाउँको भेलालाई सम्झनुपर्दछ ।

झ) “राष्ट्रिय परिषद्” भन्नाले विधानको दफा १८ बमोजिम गठित संस्थाको राष्ट्रिय परिषद् सम्झनु पर्छ । त्यस्तै जिल्ला, नगर र गाउँ परिषद भन्नाले दफा ३० र दफा ४२ बमोजिम गठित परिषदलाई सम्झनुपर्दछ ।

ञ) “क्षेत्र” भन्नाले जिल्लाको भौगोलिक स्थिति अनुसार जिल्ला शाखा चुम्लुङले विभाजन गरेको क्षेत्र सम्झनु पर्छ ।

ट) “सचिवालय” भन्नाले विधान अन्तर्गत गठित केन्द्रीय कार्य समिति र जिल्ला कार्य समितिको दैनिक कार्य सञ्चालन गर्ने निकाय सम्झनु पर्छ ।

ठ) “पदाधिकारी ” भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव र कोषाध्यक्षको पदलाई मात्र सम्झनुपर्दछ ।

ड) “आचार संहिता” भन्नाले संस्थाको आचार संहिता- २०५५ लाई सम्झनु पर्दछ ।

**३) संस्थाको छाप:**

संस्थाको छाप अनुसूची १ बमोजिम हुनेछ ।

**४) संस्थाको प्रतीक चिन्ह, थक्खेङमा र झण्डा:**

क) संस्थाको प्रतीक चिन्ह अनुसूची २ बमोजिम “सिलामसाक्मा” हुनेछ ।
ख) संस्थाको थक्खेङमा अनुसूची ३ बमोजिम हुनेछ ।
ग) संस्थाको झण्डा अनुसूची ४ बमोजिम हुनेछ ।

**५) कार्यालय:**

क) संस्थाको केन्द्रीय कार्यालय तोकिए बमोजिम काठमाडौं उपत्यकामा रहनेछ । शाखा चुम्लुङको कार्यालयहरू सम्बन्धित शाखा चुम्लुङको कार्य समितिद्वारा तोकिएको ठाउँमा रहनेछ ।

ख) संस्थाको सम्पर्क कार्यालय तोकिएको ठाउँमा रहनेछ । सम्पर्क कार्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद २

**६) संस्थाको उद्देश्य:**

क) लिम्बू भाषा, साहित्य, धर्म, इतिहास, किरात -शिरिजंगा लिपि र लिम्बू संस्कृति तथा जातिको उत्थानको लागि कार्यरत रहने ।

ख) लिम्बूसँग सम्बन्धित विषय तथा क्षेत्रमा खोजपूर्ण अध्ययन, अनुसन्धान गर्ने/गराउने र लिम्बू जातिमा जनचेतना अभिवृद्धि गर्ने ।

ग) लिम्बुवान क्षेत्रका ग्रामिण जनताको जीवनस्तरमा सुधार ल्याउन आर्थिक विकासका विविध कार्यक्रमहरू सञ्चालन गर्ने

घ) संवैधानिक व्यवस्था तथा कानूनहरूमा लिम्बू जाति तथा लिम्बुवान क्षेत्रको जनसमूहहरूको हकअधिकार सुनिश्चित गर्न क्रियाशील रहने ।

ङ) वातावरण र पर्यावरणको विनासलाई रोक्न ठोस तथा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ।

च) अन्य जाति तथा सम्प्रदायसँग सद्भावना अभिवृद्धि गर्दै देशको राष्ट्रिय अखण्डता,अविभाज्यता, दिगो विकास सुनिश्चित गर्न संघात्मक राज्यव्यवस्था सहितको लिम्बुवान जातीय स्वायत्तता प्राप्तिको लागि क्रियाशील रहने ।

छ) लागू पदार्थ प्रयोगलाई हटाउन जनचेतना अभिवृद्धि गर्ने र दुर्व्यशनीहरूलाई पुन:स्थापना गर्न सृजनात्मक तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने

ज) स्वास्थ्यको क्षेत्रमा ग्रामीण जनसमुदायमा रहेका अज्ञानता र अन्धविश्वासलाई हटाउन उपयुक्त कार्यक्रमहरूको तर्जुमा गरी गाउँघरमा नै उपलब्ध र सम्भव प्रारम्भिक स्वास्थ्य उपचारको क्षेत्रमा कार्य गर्ने ।

झ) एड्स र एड्स जस्तै भयानक रोगहरूको विरुद्धमा जनचेतना अभिवृद्धि गर्दै यिनीहरूबाट बच्ने उपायहरूका बारेमा जनसमूह बीच काम गर्ने ।

ञ) मानव अधिकार, आदिवासी/जनजातिहरुको अधिकार महिला तथा बालअधिकारको पक्षमा काम गर्ने ।

ट) लिम्बू जातिको शैक्षिक अवस्थालाई उकास्न शैक्षिक अभियान संचालन गर्ने ।

## परिच्छेद ३

**७) सदस्यता प्राप्ति:**

संस्थाको उद्देश्य मान्ने १६ वर्ष उमेर पुगेको कुनै पनि नेपाली लिम्बूलाई देहाय बमोजिम सदस्यता प्रदान गरिनेछ ।

(क) साधारण सदस्यता: संस्थाको उद्धेश्य मान्ने कुनै पनि लिम्बूलाई तोकिए

बमोजिम केन्द्रीय कार्य समितिले संस्थाको साधारण सदस्यता प्रदान गर्नेछ ।

(ख) आजीवन सदस्यताः संस्थाको हितलाई ध्यानमा राखेर विधानको उद्धेश्य मान्ने कुनै पनि लिम्बूलाई तोकिए बमोजिम केन्द्रीय कार्य समितिले संस्थाको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) संरक्षक सदस्यताः संस्थाको हितलाई ध्यानमा राखेर विधानको उद्धेश्य मान्ने र संस्थालाई कुनै पनि अवस्थामा संरक्षकत्व प्रदान गर्न तयार रहने कुनै पनि लिम्बूलाई तोकिए बमोजिम केन्द्रीय कार्य समितिले संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ ।

(घ) विशिष्ट संरक्षक सदस्यताः संस्थालाई स्थायी टेवा दिन र निरन्तरता दिने हेतुले विधानको उद्धेश्य प्राप्तिका लागि कुनै पनि अवस्थामा संस्थालाई संरक्षकत्व प्रदान गर्न तयार हुने कुनै लिम्बूलाई तोकिए बमोजिमको केन्द्रीय कार्य समितिले विशिष्ट संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ ।

**८) साधारण, आजीवन, संरक्षक र विशिष्ट संरक्षक सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको विधान बमोजिम संस्थाको विभिन्न तहको परिषद, अधिवेशन र राष्ट्रिय महाधिवेशनमा भाग लिने र उम्मेद्वार बन्न पाउने ।

ख) सुझाव, टिप्पणी र आलोचनालाई सम्बन्धित समितिमा पठाउने ।

ग) तोकिएको सदस्यता शुल्क नियमित रुपमा बुझाउने ।

घ) तोकिएको समयमा सदस्यता नविकरण गराउनुपर्ने ।

ङ) संरक्षक र विशिष्ट संरक्षकको हकमा कुनै पनि अवस्थामा संस्थाको सरक्षकत्व प्रदान गर्ने ।

**९) मानार्थ सदस्यः**

संस्थाको हितलाई ध्यानमा राखेर लिम्बू जातिको भाषा, लिपि, साहित्य, धर्म, संस्कृति तथा इतिहासका क्षेत्रमा योगदान पुऱ्याई रहेको वा पुऱ्याउन सक्ने कुनै पनि गैर लिम्बू समेतलाई तोकिए बमोजिम केन्द्रीय कार्य समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

**१०) सदस्यताको समाप्तिः**

संस्थाको सदस्यता निम्न अवस्थामा समाप्त हुनेछ :

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले पेश गरेको राजीनामा स्वीकृत भएमा ।

ग) विधानको उद्धेश्य विपरित कार्य गरेको भनी केन्द्रीय कार्य समितिले अनुशासनको कारवाही गरेमा ।



घ) प्रत्येक ३ वर्षमा जिल्ला शाखाले राष्ट्रिय महाधिवेशनमा पठाएको नविकृत सदस्यता सूचीमा नपरेका सदस्यहरूको सदस्यता स्वतः समाप्त भएको मानिनेछ ।

**११) सदस्यताको प्राप्तिः**

क) अनुशासनको कारबाहीमा परी सदस्यताबाट हटेको व्यक्तिले आफनो अपराध स्वीकार गरी पुनः अपराध नदोहोरयाउने गरी पुनः सदस्यताको लागि आवेदन गरेमा जिल्ला कार्य समितिको सिफारिसमा केन्द्रीय कार्य समितिले पुनः सदस्यता प्रदान गर्न सक्नेछ ।

**१२) सदस्यता शुल्कः**

संस्थाको सदस्यता शुल्क निम्न बमोजिम हुनेछ :

क) साधारण प्रवेश शुल्क रु.५/-(पाँच) र वार्षिक शुल्क रु. १०/-(दस) हुनेछ ।

ख) आजीवन सदस्यता शुल्क रु. १,००१/- (एक हजार एक) हुनेछ ।

ग) संरक्षक सदस्यता शुल्क रु. ५,००१/- (पाँच हजार एक) हुनेछ ।

घ) विशिष्ट संरक्षक शुल्क रु. २५,००१/- (पच्चिस हजार एक) हुनेछ ।

ङ) मानार्थ सदस्यता वापत शुल्क लिइने छैन ।

## परिच्छेद ४

**१३) राष्ट्रिय महाधिवेशनः**

क) राष्ट्रिय महाधिवेशन संस्थाको सर्वोच्च निकाय हुनेछ ।

ख) संस्थाको राष्ट्रिय महाधिवेशन ३ वर्षमा एक पटक तोकिएको स्थानमा सम्पन्न हुनेछ ।

ग) राष्ट्रिय महाधिवेशन बोलाउने र सम्पन्न गर्ने जिम्मेवारी केन्द्रीय कार्य समितिको हुनेछ ।

घ) राष्ट्रिय महाधिवेशन बोलाउँदा कम्तिमा २ महिनाको अवधि राखी सूचना दिनु पर्नेछ ।

**१४) राष्ट्रिय महाधिवेशनमा सहभागिताः**

क) राष्ट्रिय महाधिवेशनमा निम्न बमोजिमको सहभागिता रहनेछ :

१) केन्द्रीय कार्य समितिका पदाधिकारी एवं सदस्यहरू

२) केन्द्रीय सल्लाहकार समितिका सदस्यहरू

३) राष्ट्रिय परिषद्का सदस्यहरू

४) शाखा चुम्लुङका प्रतिनिधिहरू

५) राष्ट्रिय महाधिवेशनको लागि निर्धारित प्रतिनिधि संख्याको आधारमा केन्द्रीय कार्य समितिद्वारा मनोनित ७ प्रतिशत प्रतिनिधिहरू

ख) उपदफा क(४) बमोजिमका प्रतिनिधिहरू निम्नानुसार निर्धारित गरिनेछ :

१) जिल्ला कार्य समितिको अध्यक्ष र सचिव,

२) जिल्लामा रहेका संस्थाका सदस्यहरूको संख्याको अनुपातमा तोकिए बमोजिम निर्धारित प्रतिनिधिहरू ।

ग) राष्ट्रिय महाधिवेशनमा केन्द्रीय कार्य समितिले पर्यवेक्षकको हैसियतले सहभागिताको व्यवस्था गर्न सक्नेछ । तर यस्ता पर्यवेक्षकहरूले कुनै पनि प्रकारको मतदानमा भाग लिन वा उम्मेदवार हुन सक्ने छैनन् ।

**१५) विशेष महाधिवेशनः**

क) केन्द्रीय कार्य समितिले विशेष कारण परेमा विशेष महाधिवेशन बोलाउन सक्नेछ ।

ख) संस्थाको राष्ट्रिय परिषद्को बहुमतले केन्द्रीय कार्य समिति निष्क्रिय भएको वा विधान विपरित काम कारवाही गरिरहेको सम्वन्धमा वस्तुनिष्ठ आधार देखाई राष्ट्रिय परिषदमा लिखित माग गरेमा केन्द्रीय कार्य समितिले विशेष महाधिवेशन १ महीना भित्रमा बोलाउन सक्नेछ ।

ग) विशेष महाधिवेशनले राष्ट्रिय महाधिवेशनको हैसियत राखी काम गर्नेछ ।

**१६) राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकारः**

राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

क) केन्द्रीय कार्य समितिद्वारा प्रस्तुत प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन र अन्य प्रस्तावहरु पारित गर्ने

ख) विधानलाई संसोधन गर्ने,

ग) केन्द्रीय कार्य समितिको निर्वाचन गर्ने,

घ) संस्थालाई दिशा निर्देशन गर्ने

## परिच्छेद ५

**१७) राष्ट्रिय परिषदः**

क) संस्थाको एउटा राष्ट्रिय परिषद हुनेछ ।

ख) राष्ट्रिय परिषद्को बैठक कम्तीमा वर्षको १ पटक बस्नेछ ।

ग) राष्ट्रिय परिषद्को अध्यक्षता केन्द्रीय कार्य समितिको अध्यक्षले गर्नेछ । अध्यक्ष नभएको अवस्थामा उपाध्यक्ष र दुवै नभएको अवस्थामा राष्ट्रिय परिषद्ले आफू मध्येबाट कुनै सदस्यलाई अध्यक्षता गर्न लगाउनेछ ।



घ) विधान बमोजिम केन्द्रीय कार्य समितिले राष्ट्रिय परिषद्को बैठक बोलाउनेछ ।

ङ) राष्ट्रिय परिषद्का सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।

**१८) राष्ट्रिय परिषद्को गठनः**

राष्ट्रिय परिषद्को गठन देहाय बमोजिम हुनेछ :

क) केन्द्रीय कार्य समितिका पदाधिकारी एवं सदस्यहरू

ख) जिल्ला स्तरीय प्रत्येक शाखा चुम्लुङको अधिवेशनबाट क्षेत्रगत आधारमा ३ जना प्रतिनिधिहरु,

ग) केन्द्रीय सल्लाहकार समितिका सदस्यहरू,

घ) केन्द्रीय कार्य समितिद्वारा संस्थाको हितमा कार्यरत व्यक्तिहरू मध्येबाट मनोनित १० जना सदस्यहरू

ङ) जिल्ला कार्य समितिका अध्यक्ष र सचिव

**१९) राष्ट्रिय परिषदको काम, कर्तव्य र अधिकारः**

राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

क) संस्थाको वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक (लेखापरीक्षण सहितको) प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने

ख) संस्थाको आगामी वर्षको कार्य योजना तथा अनुमानित वार्षिक बजेट माथि छलफल गरी पारित गर्ने

ग) केन्द्रीय कार्य समितिलाई निर्देशन दिने,

घ) संस्थाको काम कारवाहीको मूल्यांकन गरी आवश्यक सुझाव दिने,

ङ) अन्य तोकिएको काम गर्ने ।

**२०) राष्ट्रिय परिषद्का सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

राष्ट्रिय परिषद्का सदस्यहरूको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

क) आफू रहेको जिल्ला शाखाको बैठकमा भाग लिने ।

ख) आफू रहेको जिल्लाको क्षेत्रका शाखा चुम्लुङहरूको गठन, विस्तार र संस्था सुदृढीकरणमा भाग लिने ।

ग) राष्ट्रिय परिषद् तथा केन्द्रीय कार्य समितिका निर्णय तथा निर्देशनलाई सम्बन्धित जिल्लाको क्षेत्रमा कार्यान्वयन गर्ने/ गराउने र कार्यान्वयन भए/नभएको अनुगमन गर्ने तथा केन्द्रीय कार्यालयमा प्रत्येक ६ महिनामा प्रतिवेदन पेश गर्ने ।

घ)	अन्य तोकिएको काम गर्ने ।

## परिच्छेद ६

**२१)	केन्द्रीय कार्य समितिः**

क)	संस्थाको एउटा केन्द्रीय कार्य समिति हुनेछ ।

ख)	केन्द्रीय कार्य समितिको बैठक वर्षमा २ पटक र अवश्यकता अनुसार सो भन्दा बढी बस्नेछ ।

ग)	केन्द्रीय कार्य समितिको पदावधि ३ वर्षको हुनेछ । विशेष कारणले ३ वर्षमा राष्ट्रिय महाधिवेशन हुन नसकेको कारण मनासिब भएमा राष्ट्रिय परिषदले केन्द्रीय कार्य समितिको पदावधि बढीमा १ वर्षसम्म थप गर्न सक्नेछ ।

घ)	केन्द्रीय कार्य समिति राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद प्रति उत्तरदायी हुनेछ ।

**२२) केन्द्रीय कार्य समितिको गठनः**

केन्द्रीय कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क)	राष्ट्रिय महाधिवेशनले केन्द्रीय कार्य समितिको निर्वाचन गर्नेछ ।

ख)	केन्द्रीय कार्यसमिति ३१ जनाको हुनेछ । केन्द्रीय कार्य समितिमा अध्यक्ष - १, उपाध्यक्ष- २, महासचिव - १, सचिव - २, कोषाध्यक्ष - १ र सदस्यहरुमा १ जना महिला र १ जना पुरुषको समान प्रतिनिधित्व हुने ११ जिल्ला शाखाहरूबाट २२ जना र २ जना मनोनित सहित २४ जना रहनेछन ।

ग)	केन्द्रीय पदाधिकारीहरू राष्ट्रिय महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूबाट निर्वाचित हुनेछन् ।

घ)	केन्द्रीय सदस्यहरू प्रत्येक जिल्ला शाखाबाट एक जना महिला र एक जना पुरुषको दरले सोही शाखाको केन्द्रीय सदस्य भई प्रतिनिधित्व हुने गरी सम्वन्धित शाखाको राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरूबाट निर्वाचित हुनेछन् ।

ङ)	केन्द्रीय कार्य समितिले दैनिक कार्य सञ्चालनको लागि आफू मध्येबाट ७ सदस्यीय केन्द्रीय सचिवालयको गठन गर्नेछ । यसको काम, कर्तव्य र अधिकार केन्द्रीय कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

**२३)	केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकारः**

संस्थाको विधान, राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्को निर्देशन समेतको अन्तर्गत रही केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

*

क)	संस्थाको उद्देश्य प्राप्तिको लागि सम्पूर्ण कामहरु गर्ने ।

ख)	राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषदको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ग)	केन्द्रीय सचिवालयको गठन गरी काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्ने ।

घ)	संस्थाको आर्थिक श्रोत परिचालन र संस्थाको कोष संचालन गर्नेगराउने ।

ङ)	संस्थाको चलअचल सम्पत्तिहरुको विवरण राख्ने र खरीद बिक्री गर्ने गराउने ।

च)	२ जना मनोनित केन्द्रीय सदस्यहरु, केन्द्रीय सल्लाहकारहरु, राष्ट्रिय परिषद सदस्यहरु तोकए बमोजिम मनोनित गर्ने ।

छ)	केन्द्रीय कार्य समिति, केन्द्रीय सल्लाहकार समिति, राष्ट्रिय परिषदका निर्वाचित तथा मनोनित सदस्यहरुको राजीनामा स्वीकृत गर्ने ।

ज)	रिक्त पदहरु पुर्ति गर्ने ।

झ)	आवश्यकता अनुसार केन्द्रीय कार्य समितिका सदस्यहरुको कार्य विभाजन गरी जिम्मेवारी तोक्ने ।

ञ)	मातहतका शाखाबाट कारबाही र उजुरीहरु माथि छानबिन गरी निर्णय दिने ।

ट)	संस्थाको एकता, हित र सुरक्षा जस्ता विषयहरुमा खलल पुरयाउने कुनै पनि शाखा चुम्लुङ, समितिलाई विघटन गर्ने र तिनका निर्णयहरुलाई बदर गर्न सक्नेछ ।

ठ)	संस्थाको विधान र उद्देश्य बिरुद्ध अनुशासन उल्लघन गर्ने केन्द्रीय कार्य समिति र राष्ट्रिय परिषदका सदस्यहरुलाई कारबाही गर्ने ।

ड)	संस्थाको तर्फबाट नियमित र सामयिक प्रकाशन गर्ने ।

ढ)	आवश्यकता अनुसार स्वायत्त संघसंस्थाहरुसंग सम्बन्धन कायम गरी कार्य गर्ने ।

ण)	समान उद्देश्य र दृष्टिकोण भएका संघसंस्थाहरुसंग सम्बन्ध राखी संस्थाको उद्देश्य अनुरुप कार्यक्रम संचालन गर्ने ।

त)	मातहतका शाखाहरुलाई नेतृत्व प्रदान गर्ने ।

थ)	विधान अन्तर्गत रही नियम बनाउने ।

द)	संस्थाको विधान बमोजिम सदस्यता प्रदान गर्ने गराउने ।

ध)	अन्य तोकिएको कार्य गर्ने ।

**२४)	केन्द्रीय कार्य समितिको पदाधिकारी एवं सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

**क) अध्यक्षः**

१) केन्द्रीय कार्य समिति र राष्ट्रिय परिषद्को बैठकको अध्यक्षता गर्ने ।

२) कार्य समितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

३) बैठक बोलाउने ।

४) विधान, राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्ले तय गरेको दिशामा संस्थालाई क्रियाशील रहन नेतृत्व प्रदान गर्ने ।

**ख) उपाध्यक्षः**

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने ।

२) तोकिएको काम गर्ने ।

**ग) महासचिवः**

१) कार्य समितिको बैठक बोलाउने ।

२) संस्थाको दैनिक कार्य सञ्चालन गर्ने ।

३) केन्द्रीय कार्य समिति, राष्ट्रिय परिषद् र राष्ट्रिय महाधिवेशनको बैठकको निर्णय कार्यान्वयन गर्ने ।

४) संस्थाको प्रतिवेदन तयार गर्ने ।

५) संस्थाको वार्षिक कार्य योजना तयार गर्ने

**घ) सचिवः**

१) महासचिवको अनुपस्थितिमा महासचिवको काम गर्ने ।

२) तोकिएको काम गर्ने ।

**ङ) कोषाध्यक्षः**

१) संस्थाको आयव्यय विवरण राख्ने ।

२) संस्थाको आर्थिक प्रतिवेदन तयार गर्ने ।

३) संस्थाको वार्षिक बजेट तयार गर्ने

४) तोकिएको काम गर्ने ।

**च) सदस्यः**

१) जिल्लालाई प्रतिनिधित्व गर्ने केन्द्रीय कार्य समितिको निर्वाचित सदस्यले आफू रहेको जिल्ला शाखाको हरेक बैठकमा उपस्थित भई राष्ट्रिय परिषद् तथा केन्द्रीय कार्य समितिको निर्णय तथा निर्देशनलाई कार्यान्वयन गराउने, अनुगमन गर्ने र समस्याहरूका साथै प्रत्येक ६ महिनामा केन्द्रीय कार्यालयमा प्रतिवेदन पठाउने र मनोनित सदस्यले तोकिएको जिम्मेवारी वहन गर्ने ।

२) अन्य तोकिएको काम गर्ने ।

## परिच्छेद ७

**२५) जिल्ला कार्य समितिः**

क) केन्द्रीय कार्य समिति मातहत रहने गरी जिल्ला कार्य समिति हुनेछ ।

ख) जिल्ला कार्य समितिको बैठक महिनामा कम्तीमा १ पटक र आवश्यकता अनुसार सो भन्दा बढी बस्नेछ ।

ग) जिल्ला कार्य समितिको पदावधि ३ वर्षको हुनेछ । विशेष कारणले ३ वर्षमा जिल्ला अधिवेशन हुन नसकेको कारण मनासिब भएमा केन्द्रीय कार्य समितिले सम्बन्धित जिल्ला कार्य समितिको पदावधि बढीमा १ वर्षसम्म थप गर्न सक्नेछ ।

**२६) जिल्ला कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :**

क) जिल्ला अधिवेशनले जिल्ला कार्यसमितिको निर्वाचन गर्नेछ ।

ख) जिल्ला कार्यसमिति २१ जनाको हुनेछ । कार्य समितिमा अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, सहसचिव- १, कोषाध्यक्ष- १, र सदस्यहरुमा महिला र पुरुषको समान प्रतिनिधित्व हुने गरी १४ र २ जना मनोनित सहित १६ जना रहनेछन ।

ग) जिल्ला पदाधिकारी एवम सदस्यहरू जिल्ला अधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूबाट निर्वाचित हुनेछन् ।

घ) जिल्ला कार्य समितिले दैनिक कार्य सञ्चालनको लागि आफू मध्येबाट ७ सदस्यीय जिल्ला सचिवालयको गठन गर्नेछ । यसको काम, कर्तव्य र अधिकार जिल्ला कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

**२७) जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :**

क) विधान, केन्द्रीय कार्य समिति र जिल्ला परिषदको निर्देशन र निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ख) ७ सदस्यीय सचिवालय गठन गरी दैनिक कार्य संचालन गर्ने ।

ग) आर्थिक श्रोत परिचालन र कोष संचालन गर्ने । चलअचल सम्पत्तिहरुको

विवरण राख्ने ।

घ) जिल्ला सल्लाहकारहरु, जिल्ला परिषद सदस्यहरु मनोनित गर्ने ।

ङ) जिल्ला कार्य समिति, जिल्ला सल्लाहकार समिति, जिल्ला परिषदका निर्वाचित तथा मनोनित सदस्यहरुको राजीनामा स्वीकृत गर्ने र अनुशासनको कारबाही गर्न सक्ने ।

च) रिक्त पदहरु पुर्ति गर्ने ।

छ) आवश्यकता अनुसार कार्य समितिका सदस्यहरुको कार्य विभाजन गरी जिम्मेवारी तोक्ने ।

ज) जिल्ला अधिवेशन र जिल्ला परिषद बैठकको आयोजना गर्ने ।

झ) प्रगति तथा आर्थिक प्रतिवेदन तयार गरी ६/६ महिनामा केन्द्रमा पठाउने, जिल्ला परिषद र अधिवेशनमा पेश गर्ने ।

ञ) वार्षिक लेखापरीक्षण गराई सोको प्रतिवेदन केन्द्र, जिल्ला परिषद र अधिवेशनमा पेश गर्ने ।

ट) मातहतका शाखाहरुलाई नेतृत्व प्रदान गर्ने ।

ठ) अन्य तोकिएको कार्य गर्ने ।

**२८) जिल्ला कार्य समितिको पदाधिकारी एवम सदस्यहरुको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :**

**क) अध्यक्षः**

१) कार्य समिति र जिल्ला परिषद्को बैठकको अध्यक्षता गर्ने ।
२) कार्य समितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।
३) बैठक बोलाउने ।
४) संस्थालाई क्रियाशील रहन नेतृत्व प्रदान गर्ने ।

**ख) उपाध्यक्षः**

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने ।
२) तोकिएको काम गर्ने ।

**ग) सचिवः**

१) कार्य समितिको बैठक बोलाउने ।
२) संस्थाको दैनिक कार्य सञ्चालन गर्ने ।
३) कार्य समिति, जिल्ला परिषद् र अधिवेशनको बैठकको निर्णय कार्यान्वयन गर्ने ।
४) प्रतिवेदन तयार गर्ने ।
५) वार्षिक कार्य योजना तयार गर्ने ।

**घ) सह सचिवः**

१) सचिवको अनुपस्थितिमा सचिवको काम गर्ने ।
२) तोकिएको काम गर्ने ।

**ङ) कोषाध्यक्षः**

१) आयव्यय विवरण राख्ने ।
२) आर्थिक प्रतिवेदन तयार गर्ने ।
३) वार्षिक बजेट तयार गर्ने
४) तोकिएको काम गर्ने ।

**च) सदस्यः**

क) कार्य समितिको बैठकमा नियमित उपस्थित भई निर्णयमा भाग लिने
ख) अन्य तोकिएको काम गर्ने ।

**२९) जिल्ला परिषद :**

क) जिल्लाको एउटा जिल्ला परिषद हुनेछ ।

ख) जिल्ला परिषदको बैठक कम्तीमा वर्षको १ पटक बस्नेछ ।

ग) जिल्ला परिषदको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ । अध्यक्ष नभएको अवस्थामा उपाध्यक्ष र दुवै नभएको अवस्थामा जिल्ला परिषदले आफूमध्येबाट कुनै सदस्यलाई अध्यक्षता गर्न लगाउनेछ ।

घ) जिल्ला कार्य समितिले जिल्ला परिषदको बैठक बोलाउनेछ ।

ङ) जिल्ला परिषद सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।

**३०) यसको गठन देहाय बमोजिम हुनेछः**

क) जिल्ला कार्य समितिका पदाधिकारी एवम सदस्यहरु

ख) नगर तथा गाउँ कार्य समितिका अध्यक्ष र सचिव

ग) जिल्लाका राष्ट्रिय परिषद सदस्यहरु

घ) जिल्ला सल्लाहकारहरु

ङ) जिल्ला कार्य समितिद्वारा मनोनित ७ जना सदस्यहरु

च) काठमाडौं उपत्यकाको हकमा उपदफा (ख) को व्यवस्था लागू नहुने भएकोले सोको सट्टामा संस्थाको जिल्लाभरिको साधारण, आजीवन, संरक्षक, विशिष्ट संरक्षक सदस्य संख्याको कम्तीमा २५ प्रतिशत

सहभागिता हुनुपर्नेछ र उपदफा (ङ) लागू हुनेछैन ।

**३१) जिल्ला परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) जिल्ला कार्य समितिले पेश गरेको प्रगति तथा आर्थिक प्रतिवेदन( लेखापरीक्षण सहित) छलफल गरी पारित गर्ने

ख) जिल्ला कार्य समितिको कामकारबाही मूल्यांकन गरी निर्देशन दिने

ग) जिल्ला कार्य समितिको वार्षिक कार्य योजना तथा बजेट पारित गर्ने

**३२) जिल्ला अधिवेशन :**

क) जिल्ला अधिवेशन हरेक ३ वर्षमा एक पटक गर्नु पर्नेछ । विशेष कारणले ३ वर्षमा जिल्ला अधिवेशन हुन नसकेको कारण मनासिब भएमा केन्द्रीय कार्य समितिले सम्बन्धित जिल्ला कार्य समितिको पदावधि बढीमा १ वर्षसम्म थप गर्न सक्नेछ ।

ख) जिल्ला अधिवेशन बालाउने र सम्पन्न गर्ने जिम्मेवारी जिल्ला कार्य समितिको हुनेछ ।

ग) जिल्ला अधिवेशन बोलाउदा कम्तीमा १ महिनाको अवधि राखी सूचना दिनुपर्नेछ ।

घ) जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि जिल्ला मातहत गठित ५० प्रतिशत नगर/गाउँ कार्य समिति क्रियाशिल हुनुपर्नेछ ।

३३) **जिल्ला अधिवेशनमा देहाय बमोजिम सहभागिता हुनेछ ।**

क) जिल्लाको केन्द्रीय सदस्य, कार्य समितिका पदाधिकारी एवम सदस्यहरु

ख) जिल्ला सल्लाहकार समितिका सदस्यहरु

ग) राष्ट्रिय परिषद सदस्यहरु र मनोनित जिल्ला परिषद सदस्यहरु

घ) नगर तथा गाउँ कार्य समितिका अध्यक्ष र सचिव

ङ) सदस्य संख्याको जिल्ला कार्य समितिले निर्धारण गरेको अनुपातमा नगर तथा गाउँ शाखा चुम्लुङबाट आउने प्रतिनिधिहरु

च) जिल्ला कार्य समितिले पर्यवेक्षकहरु सहभागिताको व्यवस्था गर्न सक्नेछ । तर यस्ता पर्यवेक्षकहरुले कुनै पनि प्रकारको मतदानमा भाग लिन वा उम्मेद्वार हुन सक्ने छैनन् ।

३४) **जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) जिल्ला कार्य समितिद्वारा प्रस्तुत प्रतिवेदन, आर्थिक प्रतिवेदन ( लेखापरीक्षण सहित) र अन्य प्रस्तावहरु पारित गर्ने

ख) जिल्ला कार्य समितिको निर्वाचन गर्ने ।

३५) जिल्ला कार्य समिति अन्तर्गत रहने गरी क्याम्पस स्तरीय विद्यार्थी सम्पर्क समिति गठन गर्न सकिनेछ । यसको काम, कर्तव्य र अधिकार जिल्ला कार्य समितिले तोके वमोजिमको हुनेछ ।

३६) जिल्लाको भौगोलिक संरचनालाई हेरी अवश्यकता अनुरुप सम्वन्धीत जिल्ला कार्य समितिले नगर/गाउँ शाखा समितिहरुलाई समन्वय गर्ने गरी क्षेत्रिय सम्पर्क समिति गठन गर्न सक्नेछ र यसको कार्यालय, काम, कर्तव्य र अधिकार सम्वन्धित जिल्ला कार्यसमितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ८

**३७) नगर/गाउँ कार्य समितिः**

क) जिल्ला कार्य समिति मातहत रहने गरी नगर/गाउँ कार्य समिति हुनेछ ।

ख) कार्य समितिको बैठक महिनामा कम्तीमा १ पटक र आवश्यकता अनुसार सो भन्दा बढी बस्नेछ ।

ग) नगर/गाउँ कार्य समितिको पदावधि ३ वर्षको हुनेछ । विशेष कारणले ३ वर्षमा नगर/गाउँ अधिवेशन हुन नसकेको कारण मुनासिब भएमा सम्बन्धित जिल्ला कार्य समितिले सम्बन्धित नगर/गाउँ कार्य समितिको पदावधि बढीमा १ वर्षसम्म थप गर्न सक्नेछ ।

**३८) नगर/गाउँ कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :**

क) नगर/गाउँ अधिवेशनले नगर/गाउँ कार्य समितिको निर्वाचन गर्नेछ ।

ख) नगर/गाउँ कार्य समिति १७ जनाको हुनेछ । कार्य समितिमा अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, सहसचिव- १, कोषाध्यक्ष- १, र सदस्यहरुमा महिला र पुरुषको समान प्रतिनिधित्व हुनेगरी १० र २ जना मनोनितसहित १२ जना रहनेछन ।

ग) नगर/गाउँ पदाधिकारी एवम् सदस्यहरु नगर/गाउँ अधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूबाट निर्वाचित हुनेछन् ।

**३९) नगर/गाउँ कार्य समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :**

क) विधान, जिल्ला कार्य समिति र नगर वा गाउँ परिषदको निर्देशन

निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ख) आर्थिक श्रोत परिचालन र कोष संचालन गर्ने । चलअचल सम्पत्तिहरुको विवरण राख्ने ।

ग) सल्लाहकारहरु मनोनित गर्ने ।

घ) कार्य समिति, सल्लाहकार समिति सदस्यहरुको राजीनामा स्वीकृत गर्ने र अनुशासनको कारबाही गर्न सक्ने ।

ङ) रिक्त पदहरु पुर्ति गर्ने ।

च) आवश्यकता अनुसार कार्य समितिका सदस्यहरुको कार्य विभाजन गरी जिम्मेवारी तोक्ने ।

छ) नगर वा गाउँ अधिवेशन र नगर वा गाउँ परिषद बैठकको आयोजना गर्ने ।

ज) प्रगति तथा आर्थिक प्रतिवेदन तयार गरी ६/६ महिनामा जिल्लामा पठाउने, नगर वा गाउँ परिषद र अधिवेशनमा पेश गर्ने ।

झ) अन्य तोकिएको कार्य गर्ने ।

**४०) नगर/गाउँ कार्य समिति पदाधिकारी एवम सदस्यहरुको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछ :**

**क) अध्यक्ष:**

१) कार्य समिति र नगर वा गाउँ परिषद्को बैठकको अध्यक्षता गर्ने ।
२) कार्य समितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।
३) बैठक बोलाउने ।
४) संस्थालाई क्रियाशील रहन नेतृत्व प्रदान गर्ने ।

**ख) उपाध्यक्ष:**

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने ।
२) तोकिएको काम गर्ने ।

**ग) सचिव:**

१) कार्य समितिको बैठक बोलाउने ।
२) संस्थाको दैनिक कार्य सञ्चालन गर्ने ।
३) कार्य समिति, नगर वा गाउँ परिषद् र अधिवेशनको बैठकको निर्णय कार्यान्वयन गर्ने ।
४) प्रतिवेदन तयार गर्ने ।
५) वार्षिक कार्य योजना तयार गर्ने ।

**घ) सह सचिव:**

१) सचिवको अनुपस्थितिमा सचिवको काम गर्ने ।
२) तोकिएको काम गर्ने ।

**ङ) कोषाध्यक्ष:**

१) आयव्यय विवरण राख्ने ।
२) आर्थिक प्रतिवेदन तयार गर्ने ।
३) वार्षिक बजेट तयार गर्ने
४) तोकिएको काम गर्ने ।

**च) सदस्य:**

१) कार्य समितिको बैठकमा नियमित उपस्थित भई निर्णयमा भाग लिने
२) अन्य तोकिएको काम गर्ने ।

**४१) नगर/गाउँ परिषद :**

क) नगर/गाउँको एउटा नगर/गाउँ परिषद हुनेछ ।
ख) नगर/गाउँ परिषदको बैठक कम्तीमा वर्षको १ पटक बस्नेछ ।
ग) नगर/गाउँ परिषदको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ । अध्यक्ष नभएको अवस्थामा उपाध्यक्ष र दुवै नभएको अवस्थामा जिल्ला परिषदले आफूमध्येबाट कुनै सदस्यलाई अध्यक्षता गर्न लगाउनेछ ।
घ) नगर/गाउँ कार्य समितिले नगर/गाउँ परिषदको बैठक बोलाउनेछ ।
ङ) नगर/गाउँ परिषद सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।

**४२) नगर/गाउँ परिषदको गठन देहाय बमोजिम हुनेछ:**

क) नगर/गाउँ कार्य समितिका पदाधिकारी एवम सदस्यहरु
ख) जिल्लाका परिषद सदस्यहरु
ग) नगर/गाउँ सल्लाहकारहरु
घ) नगर वा गाउँभरिको साधारण, आजीवन, संरक्षक, विशिष्ट संरक्षक सदस्य संख्याको कम्तीमा २५ प्रतिशत सहभागिता हुनुपर्नेछ ।

**४३) नगर/गाउँ परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

क) कार्य समितिले पेश गरेको प्रगति तथा आर्थिक प्रतिवेदन छलफल गरी पारित गर्ने

ख) कार्य समितिको कामकारबाही मूल्यांकन गरी निर्देशन दिने
ग) कार्य समितिको वार्षिक कार्य योजना तथा बजेट पारित गर्ने

**४४) नगर/गाउँ अधिवेशन :**

क) नगर वा गाउँ अधिवेशन हरेक ३ वर्षमा गर्नु पर्नेछ। विशेष कारणले ३ वर्षमा नगर वा गाउँ अधिवेशन हुन नसकेको कारण मनासिब भएमा जिल्ला कार्य समितिले सम्बण्धित नगर वा गाउँ कार्य समितिको पदावधि बढीमा १ वर्षसम्म थप गर्न सक्नेछ।

ख) नगर वा गाउँ अधिवेशनले प्रतिवेदन र प्रस्तावहरु पारित गर्ने, नयाँ नेतृत्वको चयन गर्नेछ।

ग) नगर वा गाउँ अधिवेशन बोलाउने र सम्पन्न गर्ने जिम्मेवारी सम्बन्धित कार्य समितिको हुनेछ।

घ) नगर वा गाउँ अधिवेशन बोलाउदा कम्तीमा १ महिनाको अवधि राखी सूचना दिनुपर्नेछ।

**४५) नगर/गाउँ अधिवेशनमा देहाय बमोजिम सहभागिता हुनेछ :**

क) जिल्ला सदस्य, नगर वा गाउँ कार्यसमिति सदस्यहरु, सल्लाहकारहरु
ख) आजीवन, संरक्षक तथा विशिष्ट संरक्षक सदस्यहरु
ग) सदस्य संख्याको नगर वा गाउँ कार्य समितिले निर्धारण गरेको अनुपातमा सहभागी प्रतिनिधिहरु
घ) नगर वा गाउँ कार्यसमितिले पर्यवेक्षकहरु सहभागिताको व्यवस्था गर्न सक्नेछ। तर यस्ता पर्यवेक्षकहरुले कुनै पनि प्रकारको मतदानमा भाग लिन वा उम्मेद्वार हुन सक्ने छैनन।

**४६) नगर/गाउँ अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) नगर/गाउँ कार्य समितिद्वारा प्रस्तुत प्रतिवेदन, आर्थिक प्रतिवेदन र अन्य प्रस्तावहरु पारित गर्ने
ख) नगर/गाउँ कार्य समितिको निर्वाचन गर्ने।

४७) नगर/गाउँ शाखा चुम्लुङको गठन गर्नका लागि संस्थाको सदस्य कम्तीमा ५० भएको गाउँ सदस्यहरुको भेलाबाट जिल्ला कार्य समितिले खटाई पठाएको अधिकार प्राप्त व्यक्तिले १७ जनासम्मको गाउँ तदर्थ समिति गठन गर्नेछ।



४८) दफा ३८ बमोजिम गाउँ शाखा चुम्लुङ गठन गर्न कठिनाइ भए गाउँ शाखा चुम्लुङ गठन गर्न एकभन्दा बढी गाउँलाई समावेश गरी गठन गर्न सकिनेछ।

## परिच्छेद ९

४९) संस्थाको केन्द्रीय तह देखि जिल्ला, नगर/गाउँ शाखासम्मको गतिविधिहरुलाई चुस्त र व्यवस्थित गर्न केन्द्रीय कार्य समितिको केन्द्रीय कार्यालय, जिल्ला कार्य समितिको जिल्ला शाखा कार्यालय र नगर/गाउँ कार्य समितिको नगर /गाउँ शाखा कार्यालयको व्यवस्था भए बमोजिम सो कार्यालयहरुमा देहाय वमोजिम कार्य विभाजन गरि निम्न शाखाहरुको व्यवस्था गरिएको छ।

**(क) प्रशासन शाखा**

संस्थाको उद्देश्य परिपूर्तिको लागि सम्पूर्ण प्रशासनिक क्रियाकलापलाई व्यवस्थित गर्न एक प्रशासन शाखा निर्माण गरिनेछ। यसको कार्य तोकिए वमोजिम हुनेछ।

**(ख) आर्थिक शाखा**

संस्थाको आर्थिक गतिविधिलाई व्यवस्थित गर्न एक आर्थिक शाखाको निर्माण गरिनेछ। यसको कार्य तोकिए वमोजिम हुनेछ।

**(ग) योजना तर्जूमा तथा कार्यान्वयन शाखा**

संस्थाको उद्देश्य अनुरुप योजनाहरुको तर्जूमा गरि कार्यान्वयन गर्ने गरी एक योजना तर्जूमा तथा कार्यान्वयन शाखा निर्माण गरिनेछ। यसको कार्य तोकिए वमोजिम हुनेछ।

## परिच्छेद १०

**५०) पद रिक्तता:**

क) मृत्यु भएमा,
ख) राजीनामा स्वीकृत भएमा,
ग) संस्थाको सदस्य नरहेमा,
घ) पदको दुरुपयोग गरेको प्रमाणित भइ कारबाही भएमा,
ङ) विधान विपरित कार्य गरेको प्रमाणित भइ कारबाही भएमा,

च) बिना सूचना बैठकमा ३ पटकसम्म अनुपस्थित भएमा,

छ) कार्य समितिको निर्वाचनमा उम्मेदवारी नदिई पद रिक्त भएमा ।

**५१) राजीनामाः**

क) केन्द्रीय अध्यक्षले केन्द्रीय कार्य समितिमा चढाएको राजीनामा केन्द्रीय कार्य समितिको बैठकले राष्ट्रिय परिषद्को बैठकमा अनुमोदन गर्ने गरी स्वीकृत भएमा,

ख) केन्द्रीय पदाधिकारी तथा सदस्यहरूले केन्द्रीय अध्यक्ष समक्ष चढाएको राजीनामा केन्द्रीय कार्य समितिको बैठकमा अनुमोदन गर्ने गरी अध्यक्षबाट स्वीकृत भएमा,

ग) सम्पूर्ण केन्द्रीय कार्य समितिको हकमा राष्ट्रिय परिषद समक्ष राजिनामा पेश गरी स्वीकृत भएमा वा केन्द्रीय कार्य समितिका वहुमतले राष्ट्रिय परिषद समक्ष राजिनामा दिइ स्वीकृत भएमा यसलाई सम्पूर्ण केन्द्रीय कार्य समितिको राजिनामा स्वीकृत भएको मानिनेछ ।

घ) जिल्ला, नगर/गाउँ कार्य समितिका अध्यक्षले चढाएको राजीनामा जिल्ला अध्यक्षको हकमा सम्बन्धित जिल्ला कार्य समितिको बैठकले केन्द्रीय कार्य समितिमा अनुमोदन गर्ने गरी र नगर/गाउँ कार्य समितिका अध्यक्षले चढाएको राजीनामा सम्बन्धित नगर/गाउँ कार्य समितिको बैठकले जिल्ला कार्य समितिमा अनुमोदन गर्ने गरी स्वीकृत भएमा ।

ङ) जिल्ला, नगर/गाउँ कार्य समितिका पदाधिकारी एवं सदस्यहरूले चढाएको राजीनामा सम्वन्धित जिल्ला तथा नगर/गाउँ कार्य समितिका अध्यक्षले सम्वन्धित कार्य समितिको बैठकमा अनुमोदन गर्ने गरी स्वीकृत गर्न सक्नेछ ।

च) राष्ट्रिय परिषद सदस्यहरुले सम्बन्धित जिल्ला अध्यक्ष सामु चढाएको राजीनामा सम्बन्धित जिल्ला कार्य समितिको बैठकले राजीनामा स्वीकृत गरेमा ।

छ) केन्द्रीय कार्य समितिद्वारा मनोनित राष्ट्रिय परिषद सदस्यहरुले केन्द्रीय अध्यक्ष सामु चढाएको राजीनामा केन्द्रीय कार्य समितिको बैठकले राजीनामा स्वीकृत गरेमा ।

**५२) पदपूर्तिः**

क) केन्द्रीय अध्यक्षको पदमा बाँकि अवधिका लागि केन्द्रीय कार्य समितिको बैठकले राष्ट्रिय परिषदको नियमित बैठकमा अनुमोदन गर्ने गरी वरिष्ठ उपाध्यक्षलाई अध्यक्षको रुपमा कायम मुकायम मुकरर गरिनेछ । वरिष्ठ उपाध्यक्ष भन्नाले संस्थामा सेवा गरेको अनुभवको आधारलाई सम्झनु पर्नेछ ।

ख) अन्य केन्द्रीय पदाधिकारीहरुको हकमा केन्द्रीय कार्य समितिको बैठकले राष्ट्रिय परिषदको बैठकमा अनुमोदन गर्ने गरी आफूहरु मध्येबाट बाँकी अवधीका लागि पदपूर्ति गर्न सक्नेछ र सदस्यहरुको हकमा सम्वन्धित जिल्ला



शाखाको प्रतिनिधित्वका लागि जिल्ला कार्य समितिको सिफारिसमा केन्द्रीय कार्य समितिको बैठकले राष्ट्रिय परिषदको बैठकमा अनुमोदन गर्ने गरी बाँकि अवधिका लागि पदपूर्ति गर्नेछ ।

ग) सम्पूर्ण केन्द्रीय कार्य समितिले राजिनामा दिई स्वीकृत भएको अवस्थामा राष्ट्रिय परिषदले आफू मध्येबाट दफा २२ (ख) बमोजिम ३१ जनाको केन्द्रीय तदर्थ समितिको गठन गर्नेछ र केन्द्रीय तदर्थ समितिको हैसियत केन्द्रीय कार्य समितिको हैसियत सो सरह रहनेछ । तर केन्द्रीय तदर्थ समिति गठन भएको ६ महिना भित्रमा यस समितिले विधान वमोजिम राष्ट्रिय महाधिवेशन बोलाई पूर्ण अवधिको लागि निर्वाचित कार्य समिति गठन गरी कार्यभार सुम्पनु पर्नेछ ।

ङ) जिल्ला, नगर/गाउँ कार्य समितिको अध्यक्षको पदमा बाँकी अवधिका लागि सम्वन्धित जिल्ला, नगर/गाउँ कार्य समितिको बैठकले सोही कार्य समितिका उपाध्यक्षलाई वाँकी अवधिका लागि जिल्ला अध्यक्षको पदमा केन्द्रीय कार्य समितिमा अनुमोदन गर्ने गरी र नगर/गाउँ कार्य समितिको अध्यक्ष पदको हकमा सम्वन्धित जिल्ला कार्य समितिमा अनुमोदन गर्ने गरी पदपूर्ति गर्नु पर्नेछ ।

च) जिल्ला, नगर/गाउँ कार्य समितिका पदाधिकारीहरुको हकमा सम्वन्धीत कार्य समितिको बैठकले जिल्लाको हकमा केन्द्रीय कार्य समितिमा र नगर/गाउँको हकमा जिल्ला कार्य समितिमा अनुमोदन गर्ने गरी बाँकि अवधिको लागि पदपूर्ति गरिनेछ ।

छ) रिक्त राष्ट्रिय परिषद सदस्यहरुको हकमा सम्बन्धित जिल्ला कार्य समितिको बैठकद्वारा बाँकी अवधिको लागि पदपुर्ति गरिनेछ ।

ज) केन्द्रीय कार्य समितिद्वारा मनोनित राष्ट्रिय परिषद सदस्यहरुको हकमा केन्द्रीय कार्य समितिको बैठकद्वारा बाँकी अवधिको लागि पदपुर्ति गरिनेछ ।

## परिच्छेद ११

**५३) आर्थिक श्रोतः**

संस्थाको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ :

क) सदस्यता शुल्क,

ख) संस्था वा व्यक्तिद्वारा प्राप्त अनुदान,

ग) प्रकाशन वापत प्राप्त आय,

घ) साँस्कृतिक कार्यक्रमबाट प्राप्त आय र

ङ) अन्य विविध श्रोतबाट प्राप्त अनुदान तथा सहयोग

**५४) चल अचल सम्पत्ति विवरण:**
संस्थाको चल अचल सम्पत्तिको पूर्ण विवरण तोकिए बमोजिम राखिनेछ । संस्थाको अचल सम्पत्तिको खरीदबिक्री गर्ने अधिकार केन्द्रीय कार्य समितिलाई मात्र हुनेछ ।

**५५) संस्थाको कोष:**
क) दफा ५३ बमोजिम प्राप्त रकम संस्थाको कोष हुनेछ ।
ख) कोषको रकम तोकिए बमोजिम बैंकमा जम्मा गरी सञ्चालन गरिनेछ ।
ग) कोषको रकम तोकिए बमोजिम खर्च गरिनेछ ।

**५६) आर्थिक लेखा परीक्षण:**
क) संस्थाको आर्थिक आयव्ययको लेखा परीक्षण प्रत्येक आर्थिक वर्षमा राष्ट्रिय परिषद्द्वारा नियुक्त मान्यता प्राप्त लेखापरीक्षक वा संस्थाद्वारा गरिनेछ ।
ख) संस्थाको आर्थिक लेखापरीक्षणको विवरण सार्वजनिक जानकारीमा ल्याइनेछ र नेपाल सरकारको सम्बन्धित स्थानीय निकायमा पेश गरिनेछ ।

## परिच्छेद १२

**५७) निर्वाचन सम्वन्धी व्यवस्था:**
निर्वाचन सम्वन्धी व्यवस्था निम्न बमोजिम हुनेछ :
क) संस्थाको प्रत्येक तहको निर्वाचन गोप्य हुनेछ ।
ख) निर्वाचनको लागि सम्बन्धित कार्य समितिले बढीमा ३ जनासम्मको निर्वाचन समिति बनाउनेछ ।
ग) निर्वाचन सम्वन्धि सम्पूर्ण प्रकृया निर्वाचन समितिले तोके वमोजिम हुनेछ ।
घ) केन्द्रीय कार्य समितिको निर्वाचन राष्ट्रिय महाधिवेशनमा उपस्थित प्रतिनिधिहरूबाट र जिल्ला कार्य समिति तथा नगर/गाउँ कार्य समितिहरूको निर्वाचन सम्बन्धित जिल्ला शाखा तथा नगर/गाउँ शाखाको अधिवेशनमा उपस्थित प्रतिनिधिहरूबाट किरात याक्थुङ चुम्लुङको आचार संहिता-२०५५ को अधिनमा रहने गरी प्रजातान्त्रिक ढंगले हुनेछ ।
ङ) किरात याक्थुङ चुम्लुङको विधान अनुसार सदस्यता प्राप्त कुनै पनि सदस्य विधानको व्यवस्था अनुरुप उम्मेदवारीको लागि योग्य हुनेछ ।
च) पदाधिकारी तथा सदस्यहरुले अनुसूची ६ को व्यवस्था बमोजिम शपथग्रहण गर्नुपर्नेछ ।

५८) कुनै पनि शाखा चुम्लुङ र शाखा चुम्लुङका पदाधिकारी सदस्यहरूको निष्क्रियता, संस्थाका पदाधिकारी एवं सदस्यहरूको आचार संहिता र अनुशासन सम्बन्धी केन्द्रीय कार्य समितिले जारी गरेको वैधानिक नियमावली र संस्थाको आचार संहिता २०५५ ले व्यवस्था गरे बमोजिम हुनेछ ।



**५९) सम्वन्धनको व्यवस्था:**
संस्थाले कुनै स्वायत्त संघसंस्थाहरुसंग मिली साझा उद्देश्य प्राप्तिका लागि सम्वन्धन प्राप्त गर्न र दिन सक्नेछ ।

**६०) नियम:**
क) विधान अन्तर्गत रही केन्द्रीय कार्य समितिले नियम बनाउन सक्नेछ ।
ख) जिल्ला कार्य समितिहरूले पनि विधान, नियम, र केन्द्रीय कार्य समितिको निर्देशन अन्तर्गत रही विनियम बनाई आफ्नो आन्तरिक कार्य व्यवस्थित गर्न सक्नेछन् । त्यसरी बनाइएको विनियम बाझिएको हकमा स्वत निष्कृय हुनेछ ।

**६१) विधान संशोधन:**
क) राष्ट्रिय महाधिवेशनमा केन्द्रीय कार्य समितिले विधान संशोधनको प्रस्ताव पेश गर्न सक्नेछ । तर राष्ट्रिय परिषद्को २५ प्रतिशतले विधान संशोधनको लागि लिखित प्रस्ताव पेश गरेमा केन्द्रीय कार्य समितिले यो प्रस्तावलाई राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्नेछ ।
ख) संशोधन प्रस्तावलाई राष्ट्रिय महाधिवेशनको उपस्थित सदस्यहरू मध्ये दुई तिहाईले पारित गरेमा विधान संशोधन गर्न सकिनेछ ।

**६२) सल्लाहकार समिति:**
क) केन्द्रीय कार्य समितिले र शाखा कार्य समितिले एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।
ख) केन्द्रीय सल्लाकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ
१) केन्द्रीय कार्य समिति र राष्ट्रिय परिषद्को बैठकमा उपस्थित भई संस्थाको हितमा सल्लाह दिने,
२) राष्ट्रिय महाधिवेशनमा उपस्थित भई भाग लिने ।
ग) जिल्ला तथा नगर/गाउँ सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:
१) सम्वन्धीत जिल्ला तथा नगर/गाउँ कार्य समितिको बैठक तथा परिषद सभामा उपस्थित भइ सल्लाह दिने ।
२) सम्वन्धित जिल्ला तथा नगर/गाउँ कार्य समितिको अधिवेशनमा उपस्थित

भई भाग लिने ।

**६३) विषयगत संगठन/उपसमितिः**

क) केन्द्रीय कार्य समितिले संस्थाको कामलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न नियमावली बनाई स्वायत्त विषयगत संगठनहरू बनाउन सक्नेछ ।

ख) केन्द्रीय कार्य समितिले संस्थाको कामलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न बनाई विभिन्न उपसमितिहरू बनाउन सक्नेछ ।

ग) जिल्ला, नगर/गाउँ शाखाको कामलाई सुव्यवस्थित ढंगले संचालन गर्न जिल्लामा जिल्ला कार्य समिति अन्तर्गत र नगर/गाउँमा नगर/गाउँ कार्य समिति अन्तर्गत उपसमितिहरु बनाउन सक्नेछ ।

**६४) गणपूरक संख्या/बहुमतको निर्णय :**

क) संस्थाका सबै तहका कार्य समितिहरूको बैठकको गणपूरक संख्या अध्यक्ष बाहेक पचास प्रतिशत हुनेछ ।

ख) साधारण सभा, राष्ट्रिय परिषद् र राष्ट्रिय महाधिवेशनको हकमा पहिलो पटक अध्यक्ष बाहेक पचास प्रतिशत र दोश्रो पटक एक तिहाई हुनेछ ।

ग) संस्थाको महाधिवेशन, अधिवेशन र बैठकहरुमा प्रस्तुत सबै विषयहरु माथि प्रजातान्त्रिक डंगले छलफल हुनेछ । सबै विषयहरुमा सर्बसम्मत गर्ने प्रयास हुनेछन । तर त्यति गर्दा पनि मत विभाजन भएमा बहुमतद्वारा निर्णय लिइनेछ । बहुमतको निर्णय नै समितिको निर्णय हुनेछ ।

६५) दोहोरो मापदण्ड : एउटै व्यक्ति दुइवटा समितिको पदाधिकारी तथा सदस्य रहन पाउने छैन । माथिल्लो समितिमा निर्वाचित वा मनोनित भइसकेपछि पहिलेको स्वतः समाप्त हुनेछ ।

६६) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्थाको विघटन भएमा संस्थाको सम्पूर्ण चल अचल सम्पत्तिहरू नेपाल सरकारको अधीनमा हुन जानेछ ।

६७) संस्था दर्ता ऐनसँग बाझिएका कुरा स्वतः निष्क्रिय हुनेछन् ।

**६८) संस्थाको आजीवन, संरक्षक र विशिष्ट संरक्षक सदस्यहरुको हैसियतः**

(क) आजीवन सदस्यको हैसियतः

१) आजिवन संस्थाको सदस्य रहने ।

२) आजीवन सदस्यले संस्थाको केन्द्रीय स्तरको वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन पाउनेछन् ।

(ख) संरक्षक सदस्यको हैसियतः

१) संरक्षक सदस्यले संस्थालाई संरक्षकत्व प्रदान गर्नेछ ।

२) आजिवन संस्थाको सदस्य रहने ।

३) संरक्षक सदस्यले संस्थाको केन्द्रीयस्तरको प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन प्रत्येक वर्ष पाउनेछन् ।

(ग) विशिष्ट संरक्षक सदस्यको हैसियतः

विशिष्ट संरक्षक सदस्यको हैसियत संरक्षक सदस्यको सो सरह हुनेछ ।

६९) **ब्याख्या गर्ने अधिकार :** यस विधानको ब्याख्या गर्ने अधिकार यस संस्थाको केन्द्रीय कार्य समितिलाई हुनेछ ।

**७०) खारेजी र बचाउः**

क) यसभन्दा अगाडि लागू रहेको संस्थाको विधान खारेज गरिएको छ ।

ख) खारेज भएको विधान अन्तर्गत आजसम्म भए गरेका कामहरू यस विधान अन्तर्गत भए सरह मानिनेछ ।

**अनुसूची - १**

**दफा- ३ संग सम्वन्धित**

**संस्थाको छाप**

किरात-सिरिजंगा लिपिमा माथिल्लो अर्धवृत्ताकार भागमा "ᤁᤡᤖᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤔᤳᤗᤢᤱ" र देवनागरी लिपिमा तल्लो अर्धवृत्ताकार भागमा "किरात याक्थुङ चुम्लुङ" लिपिवद्ध गरी बीचमा संस्थाको लोगो "सिलाम साक्मा" अंकित गरी "वि.सं. २०४६" समाविष्ट गरि एको संस्थाको छाप हुनेछ । संस्थाको केन्द्रीय कार्यालयको हकमा "केन्द्रीय कार्यालय, ललितपुर" र जिल्ला/नगर/गाउँ शाखा कार्यालयको हकमा "जिल्ला/नगर/गाउँ शाखा कार्यालय" र सम्वन्धित जिल्ला/नगर/गाउँको नाम अर्धवृत्ताकार दुवै भागमा "किरात याक्थुङ चुम्लुङ" को पछि उल्लेख गरिएको हुनेछ ।

**अनुसूची - २**

## दफा-४ (क) संग सम्वन्धित
## संस्थाको प्रतिक चिन्ह (लोगो)

किरात लिम्बू मुन्धुम अनुसार संस्कार, संस्कृति र जीवनको संरक्षणको प्रतिक चिन्ह मानिने “सिलाम साक्मा” लाई किरात याक्थुङ चुम्लुङको प्रतिक चिन्ह (लोगो) सम्झनु पर्दछ। यो दुवै छेउतिर खिपेको बराबर लम्बाई भएका दुई वटा घुङ्रिङका टुक्राहरु एक अर्कासंग लम्ब हुने गरी वीच भागलाई जोडी काँचो धागोले पूरा ८ फन्को मारेको हुनु पर्दछ। यसको अवस्थिति बुनिएको काँचो धागो जमिनसित ४५ डिग्री कोणमा रहने गरी हुनु पर्दछ।

## अनुसूची - ३
## दफा-४ (ख) संग सम्वन्धित
## थक्खेङमा

ᤌᤳ ᤂᤧᤱᤔᤠ

ᤀᤠ ᤋᤠᤃᤧᤖᤠᤃᤠᤷ ᤏᤡᤱᤘᤠᤓᤢᤔᤠᤅᤧ<br>
ᤏᤠᤘᤠᤃᤧᤏᤃᤠᤷ ᤁᤧᤆᤀᤡᤳᤛᤠᤀᤨ ॥<br>
ᤋᤡᤱᤍᤡᤱ ᤔᤧᤴᤍᤨᤰᤁᤧ ᤏᤠᤜᤧᤴ ᤔᤧᤴᤍᤨᤰᤁᤧ.<br>
ᤜᤠᤖᤠ ᤔᤧᤴᤍᤨᤰᤁᤧ ᤔᤡᤰᤛᤨ ᤔᤧᤴᤍᤨᤰᤁᤧ.<br>
ᤌᤰᤁᤠᤵ ᤁᤳᤋᤠᤅᤧ. ᤗᤠᤱᤃᤠᤵ ᤁᤳᤋᤠᤅᤧ ॥<br>
ᤀᤠᤵᤗᤢᤱᤃᤧᤏᤃᤠᤷ ᤋᤠᤱᤛᤧᤵ ᤔᤧᤳᤋᤠᤅᤧ ॥<br>
ᤜᤢᤰᤛᤨᤃᤧᤏᤃᤠᤷ ᤜᤢᤰᤑᤠᤰ ᤛᤧᤘᤠᤖᤨ ॥

ए तागेरागर निङवाभुमाङे<br>
नावागेनगर केचइत्साओ।<br>
तिङदिङ मेन्दोक्के नाहेन मेन्दोके,<br>
हारा मेन्दोक्के मिक्सो मेन्दोक्के,<br>
थक्काप कत्ताङे, लाङगाप कत्ताङे।<br>
आप्लुङगेनगर ताङसेप मेत्ताङे।<br>
हुक्सोगेनगर हुक्फाक सेवारो।

## अनुसूची - ४
## दफा-४ (ग) संग सम्वन्धित



## झण्डा

यस संस्थाको झण्डा देहाय बमोविजम हुनेछ :

क) २ : ३ अनुपात साइजको नीलो भूईंको मध्यभागमा सेतो रङ्गको सिलामसाक्मा अङ्कित गरिएको हुनेछ।

ख) नीलो भूईंको क्षेत्रफलको १० भागको १ भाग क्षेत्रफल सिलामसाक्माको हुनेगरी मध्यभागमा सिलामसाक्मा राखिनेछ।

## अनुसूची - ५
## किरात याक्थुङ चुम्लुङको आचारसंहिता २०५५

१. किरात याक्थुङ चुम्लुङको विधान २०४६ ले दिएको अधिकार प्रयोग गरि निम्न अनुसारको कियाचु आचारसंहिता २०५५ यस चौथो राष्ट्रिय महाधिवेशनमा पारित गर्न प्रस्ताव गर्दछ।

२. “किरात याक्थुङ चुम्लुङको संस्थागत विकास गरौं” भन्ने परिदृष्टिलाई मध्यनजर राख्दै संस्थाको उद्देश्य प्राप्ती गर्नका खातिर सम्पूर्ण याक्थुङ (लिम्बु)हरुको भावनालाई समेट्ने गरी चुम्लुङलाई विशुद्ध सामाजिक संस्था एवं लिम्बूहरुको “साझा चौतारी” को रुपमा विकास गर्दै लाने हेतुले यो आचारसंहिता तयार गरी प्रस्ताव गरिएको छ।

३. यस महाधिवेशनबाट पारित भएपछि यो आचारसंहिता तुरुन्त लागु हुनेछ।

**(क) संस्थाका पदाधिकारी तथा सदस्यहरुले पालन गर्नुपर्ने कराहरुः**

☐ कियाचुमा आवद्ध पदाधिकारी तथा सदस्यहरुले संस्थाको परिदृष्टिलाई

आत्मसात गरी संस्थाको उद्धेश्य प्राप्तीका लागि निष्ठावान भई कार्यरत रहने ।

- ☐ संस्थाको पदाधिकारी तथा सदस्यहरु कुनै पनि राजनैतिक विचारसंग सम्वद्ध भएता पनि संस्थाको दायराभित्र प्रवेश गर्दा आ आफ्नो राजनैतिक विचारलाई संस्थाको ढोका बाहिर परित्याग गरी संस्थामा प्रवेश गर्नु पर्नेछ। संस्थामा आफ्नो राजनैतिक विचार लान पाईने छैन ।
- ☐ संस्थाका पदाधिकारी तथा सदस्यहरुले एकआपसमा सहयोग, सद्भाव, भातृत्व र मैत्रिपूर्ण सम्वन्ध कायम गर्नुपर्नेछ ।

**(ख) संस्थाका पदाधिकारी तथा सदस्यहरुको आर्थिक आचारसंहिताः**

- ☐ लिम्बू जातिको अस्तित्वलाई उच्च र स्वच्छ दृष्टिले जीवन्त राख्न कुनै पनि संस्थाका पदाधिकारी तथा सदस्यहरुले आर्थिक कारोवार शुद्ध हुनुपर्नेछ ।
- ☐ कुनै पनि पदाधिकारी तथा सदस्यहरुले संस्थाको आर्थिक बृद्धिको लागि प्रयत्नरत रहनु पर्नेछ ।
- ☐ कुनै पनि पदाधिकारी तथा सदस्यहरुले संस्थाको आर्थिक हिनामिना गर्न नहुने र गरेमा संस्थाले सो को सार्वजनिक कारवाही गर्नेछ ।

**(ग) संस्थाका पदाधिकारीहरुको राजनैतिक सहभागिता सम्वन्धमाः**

कुनै पनि राजनैतिक पार्टीसंग सम्वद्ध रही सक्रिय राजनीतिमा नेतृत्व तहमा रहेका संस्थाका सदस्यहरू संस्थाको केन्द्रीय तहदेखि गाउँ तहसम्मका कार्य समितिहरुमा पदाधिकारीको पदमा रहने छैनन् । तर हाललाई यो व्यवस्था केन्द्रीय कार्य समितिका पदाधिकारीहरुमा मात्र लागू हुनेछ ।



**अनुसूची - ६**

**सपथ ग्रहण**

[illegible]

[illegible] ............ [illegible] ........ [illegible] ...............

[illegible]

[illegible] ..................

[illegible] ...............

ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱ

**किरात याक्थुङ चुम्लुङ**

KIRAT YAKTHUNG CHUMLUNG

# ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱᤀᤠ

## ᤋᤥᤴ-᥈᥆᥊᥌

# किरात याक्थुङ चुम्लुङको

## विधान - २०४६

(पाँचौं संशोधन सहित मिलाइएको)